# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## बैंक तथा वित्तीय संस्थाको पुँजीगत आधार सुदृढीकरणमा जोड

(गभर्नर खतिवडा नेपाल वित्तीय संस्था संघको कार्यक्रममा)

आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीति र नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनका सम्बन्धमा छलफल गर्ने उद्देश्यले २०७० साउन १६ गते नेपाल वित्तीय संस्था सङ्घद्वारा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो ।



प्रमुख अतिथिको आसनबाट कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. युवराज खतिवडाले मौद्रिक नीतिको कार्यान्वयनको सरोकारवाला वित्त कम्पनी पनि भएकाले सोको कार्यान्वयनका लागि सबै पक्षको सुझाव लिन नेपाल राष्ट्र बैंक सधैँ तयार रहेको बताउनु भयो । कुनै एक वित्त कम्पनीमा समस्या पर्दा त्यसको असर वित्तीय प्रणालीमा नपरोस् भन्नेतर्फ केन्द्रीय बैंक सचेत रहेको जानकारी दिँदै उहाँले आर्थिक वृद्धिका लागि मौद्रिक नीतिलाई खुकुलो पारिएको र वित्तीय स्थायित्वका लागि नियमनकारी भूमिकालाई कसिलो पारिएको बताउनु भयो ।

पुँजी वृद्धि गर्नुपर्दा केही दबाब हुन सक्ने भए पनि वित्तीय सुदृढीकरणको एउटा आधार भएको कुरा उल्लेख गर्दै उहाँले तोकिएको चुक्ता पुँजी पुऱ्याउनु पर्ने र पुँजीकोष सुदृढ गर्दै जानुपर्ने व्यवस्था गरिएको कुरा बताउनुभयो ।

चारै वर्गका बैंक तथा वित्तीय संस्थालाई एउटै ऐन अन्तर्गत राख्ने विषयमा बिस वर्षअघि नै बहस हुनु पर्थ्यो भन्नुहुँदै गभर्नर खतिवडाले वाणिज्य बैंक र वित्त कम्पनीको कार्यक्षेत्र केही फरक हुनु पर्ने पनि बताउनुभयो । उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने सम्बन्धमा उहाँले कृषि, ऊर्जा, पर्यटन र साना तथा मझौला उद्योगमा लगानी गर्दा अधिकांश जनताले फाइदा लिन सक्ने भएकाले पनि यस क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रवाह गर्नु आवश्यक रहेको तर अरु कर्जा अनुत्पादक क्षेत्रमा लगानी गरे पनि हुने जस्तो अर्थ लगाउन नहुने स्पष्ट पार्नुभयो ।

खुला र पारदर्शी भएमा कर्जा लिँदा तेस्रो पक्षको धितो स्वीकार गर्ने सम्बन्धमा छलफल गर्न सकिने जानकारी उहाँले दिनुभयो । विपन्न वर्ग कर्जा सदुपयोगका सन्दर्भमा उहाँले 'घ' वर्गका वित्तीय संस्थाले अर्को बैंकमा निक्षेप राखेर मर्जिन खाने अवस्था समाप्त गरिएको जानकारी दिनुभयो । सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाका लागि 'क', 'ख', तथा 'ग' वर्गका वित्तीय संस्थालाई अग्रसर हुन आग्रह गर्दै यस कार्यमा नेपाल राष्ट्र बैंक सहजीकरण गर्न सदैव तयार रहेको जानकारी दिनुभयो ।

बैंक तथा वित्तीय संस्थाका प्रवर्द्धकहरू सो क्षेत्रबाट बाहिरिन चाहेमा छलफल गर्न सकिने धारणा राख्दै गभर्नर खतिवडाले कर्जा निक्षेपको अधिकतम अनुपात बढाउने कार्य सैद्धान्तिक दृष्टिकोणले स्वीकार्य नहुने बताउनुभयो । अन्त्यमा उहाँले मौद्रिक नीति मार्फत् आएका नेपाल राष्ट्र बैंकका नीतिहरूलाई वित्तीय क्षेत्रको स्वस्थता र प्रतिष्पर्धात्मकता अभिवृद्धि गर्दै मुलुकमा लगानीको वातावरण सुधार गर्ने उद्देश्यले अवलम्बन गरिएका उपायका रूपमा बुझ्न आग्रह गर्नुभएको थियो ।

२०७० साउन १६ गते, बुधवार

गभर्नरको कार्यालय